# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: २०७९/०८०- ०४

मिति २०७९/०६/०५

समय: दिनको ९:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०६/०५** **वैठक संख्या: ०४-२०७९/०८०**

**प्रस्तावहरु:**

१. समिक्षा सम्बन्धमा
२. सडक मर्मत खर्च सम्बन्धमा ।
३. तलवी प्रतिवेदन सम्बन्धमा ।
४. जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण सम्बन्धमा ।
५. भूमीहिन सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको निस्सा वितरण तथा जग्गा नापजाँच खर्च तथा थप सुविधा सम्बन्धमा ।
६. आयोजना/कार्यक्रमको अनुगमन समितिको सदस्य सचिव तोक्ने सम्बन्धमा ।
७. सिंच्याङ्ग सार्वाङ्ग सडक VO सम्बन्धमा ।
८. भू-उपयोग योजना तर्जुमा सम्बन्धमा ।
९. शुन्य पोलिथिन, सरसफाई तथा वातावरणमैत्री कृषि कार्यक्रम सम्बन्धमा ।
१०. नविकरणिय उर्जा विकास समिति गठन सम्बन्धमा ।
११. विपदजन्य राहत क्षतिपूर्ति दिने सम्बन्धमा ।
१२. बिरामी राहत उपचार दिने सम्बन्धमा ।
१३. जनस्वास्थ्य इकाई अन्तर्गत सार्वजनिक विदामा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
१४. दशैं तिहार गा.पा. रेखदेख अनुगमन र रिपोर्टिङ्गका प्रशासनिक कर्मचारीलाई खटाउने सम्बन्धमा ।
१५. सामुदायिक नृत्यकला प्रशिक्षण केन्द्र स्थापना, अनुमती तथा सञ्चालन सम्बन्धमा ।
१६. खेलकुद सञ्चालनको लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।
१७. सञ्चार माध्यमहरुलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।
१८. बाटो हेरालु नगद भुक्तानी सम्बन्धमा ।
१९. कल्याणकारी कोष रकम भुक्तानी सम्बन्धमा ।
२०. आर्थिक सहयोग सम्बन्धमा ।
२१. धिनाटार देवघाट देवपुर सडक स्तरोन्नती सम्बन्धमा ।
२२. सिफारिस गर्ने सम्बन्धमा ।
२३. वडा नं. ५ को भवन निर्माणको बजेट व्यवस्था सम्बन्धमा ।
२४. नवप्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
२५. परामर्शदातालाई जिम्मेवारी दिने सम्बन्धमा ।
२६. दररेट विश्लेषण सम्बन्धमा ।
२७. खरिद तथा सवारी साधन मर्मत सम्बन्धमा ।
२८. छिपछिपे लिफ्टिङ्ग खानेपानी आयोजनालाई भुक्तानी दिने सम्बन्धमा ।
२९. सिंच्याङ्ग सार्वाङ्ग सडक निर्माणको ठेक्का समय थप सम्बन्धमा ।
३०. आन्तरिक आय ठेक्का लगाउने सम्बन्धमा ।
३१. इलाका प्रहरी चौकीलाई इन्धन तथा मर्मत सम्भार खर्च सम्बन्धमा ।
३२. गलेश्वर आश्रमबाट सञ्चालित वेद वेदाङ्ग विद्यालयलाई गत आ.व. मा भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने सम्बन्धमा ।
३३. गण्डकी परिक्रमा कार्यक्रम सम्बन्धमा ।
३४. गाउँपालिकाबाट प्रदान गरिने निशुल्क औषधी सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

क्रमशः

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०६/०५** **वैठक संख्याः ०४-२०७९/०८०**

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका वैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिका अन्तर्गतका ग्रामिण सडकहरु अविरल वर्षातको कारणले सडक भत्किने, पहिरो जाने, सडक खाल्डो पर्न गई सडक अवरुद्ध भएको र दैनिक आवतजावतमा समस्या भएकोले तत्काल मर्मत सम्भार गरी सडक सुचारु राख्नको लागि मर्मत गर्दा खर्च भएको तपसिल अनुसारको रकम मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

क) वडा नं. ५ शाखा मोटर बाटो मर्मत (श्री कुँवर ब्रदर्श एण्ड निर्माण प्रा.लि., कालिका – २, चितवन) - रु. २,०८,१२६.४१

ख) गाईघाट देखि छिपछिपे हुँदै जरमटारसम्म बाटो मर्मत (वडा नं. १, २, ३ र ४) (श्री कछार क्षेत्र निर्माण सेवा एण्ड सप्लायर्स, ब्यास – २ तनहुँ) - रु. ३,९९,४८५.४३

ग) देउतीखोला देखि कोटा हुँदै खाल्टेसम्म बाटो मर्मत (वडा नं. १, २ र ५) (श्री सुनिश्चित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., देवघाट – ५ तनहुँ) - रु. ४,५८,८५८.२९

घ) वडा नं. ४ को गाईघाट देखि वडा नं. ४ सिमाना सम्मको सडक यस अघि नै मर्मत गरिएकोमा वर्षातको पानीले पुनः भत्किई सडक अवरुद्ध भएकोले पुनः मर्मत सम्भार गर्ने र काफलडाँडा, सिंच्याङ्ग, सार्वाङ्ग, दुईघरे, आइलिम मोहोरिया, ढङ्गाघारी, नरथलि, चारघरे, पार्लाङ्ग सडक पनि वर्षातको पानीले पहिरो जाने, भत्किने भई सडक अवरुद्ध भएकोले उक्त स्थानहरुमा मर्मत सम्भार शिर्षकबाट विस्तृत लागत अनुमान अनुसारको १३,४५७.२५० घ.मि. को हुन आउने रकम रु. ८,७७,२५५/- (आठ लाख सतहत्तर हजार दुई सय पचपन्न रुपैया) मा नबढाई मर्मत सम्भार गर्ने निर्णय गरियो ।

साथै उपरोक्तानुसार क्र.सं. ख र ग अनुसार मर्मत सम्भार भएका सडकहरु वर्षातकै कारण पुनः भत्किएकोले दशैं अगाडी पुनः मर्मत गर्ने र अन्य वडा नं. १ देखि ५ सम्मका शाखा बाटोहरु दशैं अगाडी सहज आवागमनको लागि मर्मत शिर्षकबाट लागत इष्टिमेट अनुसार खर्च हुने गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** आ.व. २०७९/०८० मा कर्मचारीहरुलाई तलव सुविधा उपलब्ध गराउनको लागि तलब विवरण (तलबी प्रतिवेदन) पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सामाजिक सुरक्षा लाभग्राहीमा नाम समावेश भएका ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप **"जेष्ठ नागरिक न्यानो कपडा"** कार्यक्रम सञ्चालन गर्ने र न्यानो कपडा खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** भूमिहिन सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई वितरण गरिएको निस्सा अनुसार वडा नं. ५ मा जग्गा नापजाँच सम्बन्धमा तपसिल अनुसार भएको खर्च भूमि शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर थापा
अध्यक्ष

क्रमशः

क) मेशिन भाडा (नाप नक्शा कार्यका लागि प्रयोग हुने उपकरण) को खर्च
ख) नाप नक्शा कार्यको लागि नियन्त्रण विन्दु स्थानमा कार्य परामर्श सेवाबाट भएको खर्च
ग) जनशक्ति परिचालनको लागि आवश्यक सरसमान, इन्धन आदिको खर्च
घ) नापजाँचमा खटिएका जनशक्ति तथा सहयोगीहरुलाई खाना, खाजा खुवाएको खर्च रु. १,०७,२३६/-
ङ) नापी टोलीको दैनिक भ्रमण भत्ता रकम रु. ४१,०००/-
च) चेनमेनको खर्च रु. ४,२३,५००/-
छ) घर भाडा रकम रु. ३३,०००/-

**निर्णय नं. ६:** गाउँपालिका सञ्चालन हुने विभिन्न आयोजना तथा कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गर्ने र उक्त समितिको सदस्य सचिव सम्बन्धित शाखा/इकाई प्रमुख रहने निर्णय गरियो ।

**निर्णय नं. ७:** सिंच्याङ्ग सार्वाङ्ग सडकको ठेक्का सम्झौता अनुसारको काममा थपघट सहितको भेरयशन अर्डर (VO) नं. १ तथा सो अनुसारको इष्टिमेट स्वीकृत गरियो ।

**निर्णय नं. ८:** गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गर्ने निर्णय गरियो । उक्त भू-उपयोग योजना विज्ञ परामर्शदाताबाट गराउने र सो बापत लाग्ने खर्च चालु भैपरी शिर्षकबाट गर्ने गरी लागत अनुमान तयार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** वार्षिक विनियोजित बजेट तथा रकम सिमाभित्र रही शून्य पोलिथिन, सरसफाई तथा वातावरणमैत्री कृषि कार्यक्रम सञ्चालन गर्ने तथा कार्यक्रम सञ्चालन गैर सरकारी संघ संस्थाबाट गराउने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०:** गाउँपालिकामा नविकरणीय उर्जाको विकासको सम्भावना खोजी गर्न, सिफारिस गर्न तथा नविकरणीय उर्जाको विकासलाई व्यवस्थित बनाउन तपसिल अनुसारको नविकरणीय उर्जा विकास समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| क) गा.पा. उपाध्यक्ष श्री भुवन सिं गुरुङ | - संयोजक |
| ख) ५ वटै वडाका वडा अध्यक्षहरु | - सदस्य |
| ग) उर्जा हेर्ने प्राविधिक | - सदस्य सचिव |

**निर्णय नं. ११:** भारी वर्षातको कारणले विपदजन्य घटना भई क्षति पुगेकोले तपसिल अनुसारका व्यक्तिहरुलाई तपसिल अनुसार विपद कोषबाट विपदजन्य क्षतिपूर्ति राहत दिने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| क) देवघाट – ५ बस्ने विजय गुरुङ | रु. १५,०००/- |
| ख) वडा नं. ४ बस्ने डिल बहादुर भुजेल | रु. १५,०००/- |
| ग) वडा नं. ४ बस्ने चन्द्र बहादुर थापा | रु. १५,०००/- |
| घ) वडा नं. २ बस्ने दिल बहादुर बाचे | रु. १५,०००/- |
| ङ) वडा नं. १ बस्ने दल सिं गुरुङ | रु. १५,०००/- |
| च) वडा नं. २ स्थित श्री सिद्ध आ.वि. कोटवैदी | रु. १,२३,५७३/- |

दिल बहादुर थापा
अध्यक्ष

रमेश मुवेदी
प्रमुख प्रशासकीय अधिकृत

क्रमशः

छ) वडा नं. ३ स्थित श्री बालकेश मा.वि. छिपछिपे — इष्टिमेट अनुसारको रकम
ज) वडा नं. ५ मिम बहादुर गुरुङ — रु. १५,०००/-

**निर्णय नं. १२:** तपसिल अनुसारका व्यक्तिहरुलाई तपसिल अनुसार राहत उपचार दिने निर्णय गरियो ।
**तपसिल:**

क) विश्वराज मगरको छोरी झरना मगर (देवघाट – ३ तनहुँ) मुटुको रोग उपचारार्थ रु. १५,०००/- (पन्ध्र हजार रुपैया)
ख) अम्मर बहादुर परियार (देवघाट – ५ तनहुँ) विपन्न वर्ग उपचारार्थ रु. ५,०००/- (पाँच हजार रुपैया)
ग) जीवन कुमारी कार्की (देवघाट – ५ तनहुँ) उपचार राहत खर्च रु. १५,०००/-
घ) तिल माया गुरुङ (देवघाट – ३ तनहुँ) आँखाको उपचार रु. ११,८६०/-

**निर्णय नं. १३:** जनस्वास्थ्य इकाई अन्तर्गत सार्वजनिक विदामा जनशक्ति व्यवस्थापन सम्बन्धि तपसिल बमोजिम निर्णय गरियो ।

क) स्वास्थ्य संस्थाहरुमा विजया दशमी तथा दिपावलीको सार्वजनिक बिदामा काम गरे बापत ड्युटीमा खटिएका स्वास्थ्य कर्मचारीहरुलाई १ (एक) दिन काम गरे बापतको १ (एक) दिनको तलब भत्ता उपलब्ध गराउने ।
ख) स्वास्थ्य संस्थाहरुमा कोरोना विरुद्ध खोप लगाउन खटिएका जनशक्तिलाई खाना र खाजाको खर्च भुक्तानी दिने ।
ग) बर्थिङ्ग सेन्टरमा खटिने नर्सिङ्ग स्टाफहरुलाई सुत्केरी गराउँदा प्रति १ केस बराबर रु. १,०००/- (एक हजार) प्रोत्साहन रकम दिने ।
घ) स्वास्थ्य संस्थाहरुमा प्रोटोकल अनुसार गर्भ जाँच गराउन आएमा रु. ४००/- तथा संस्थागत सुत्केरी हुन आएमा रु. ५००/- जम्मा गरी रु. ९००/- (नौ सय) प्रोत्साहन रकम दिने

**निर्णय नं. १४:** विजया दशमी तथा दिपावलीको सार्वजनिक बिदामा कार्यालयको रेखदेख, अनुगमन र रिपोर्टिङ्गका लागि प्रशासनिक कर्मचारीलाई १ (एक) दिन काम गरे बापतको १ (एक) दिनको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५:** देवघाट ५ मा सामुदायिक नृत्यकला प्रशिक्षण केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुमती दिने र उक्त केन्द्र सञ्चालनको लागि रु. ३,००,०००/- (तीन लाख रुपैया) आर्थिक सहयोग नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६:** खेलकुद शिर्षकमा विनियोजित रकममध्येबाट देहाय अनुसार खर्च गर्ने निर्णय गरियो ।

क) गाउँपालिका अध्यक्ष कप फुटबल प्रतियोगिता सञ्चालन गर्न अनुमती दिने र उक्त फुटबल प्रतियोगिता सञ्चालन गरे बापत रु. १,३८,८८५.७५ (एक लाख अड्तिस हजार आठ सय पचासी रुपैया पैसा पचहत्तर रुपैया) नगद भुक्तानी दिने ।
ख) अध्यक्ष कप ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्न रु. ३,००,०००/- (तिन लाख रुपैया) नगद भुक्तानी दिने ।
ग) भर्जन कालिका सेभेन साइड फूटबल प्रतियोगिता सञ्चालन गर्न रु. ४०,०००/- (चालिस हजार रुपैया) नगद भुक्तानी दिने ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

क्रमश:

घ) १ देखि ४ नं. वडाहरुमा प्रति वडा रु. ६०,०००/- र वडा नं. ५ मा १,१०,०००/- बराबर खर्च हुने गरी वडा कार्यालयले खेलकुद सञ्चालन गर्ने र नगद भुक्तानी दिनको लागि सिफारिस गरि पठाउने ।

ङ) जिल्ला खेलकुद विकास समितिलाई महिला बास्केटबल खेलको लागि रु. ५०,०००/- नगद भुक्तानी दिने ।

**निर्णय नं. १७:**

१) गाउँपालिकाको विभिन्न कार्यक्रमहरुको सूचना, लोक कल्याणकारी सूचना प्रवाह गर्नको लागि बिहानी अनलाईन मिडिया, देवघाट रेडियो, देवघाट सन्देश पत्रिका, नेपाल पत्रकार महासँग तनहुँ, नेपाल पत्रकार महासंघ चितवनसँग सम्झौता गर्ने निर्णय गरियो ।

२) देहायका सञ्चार माध्यमहरुसँग गाउँपालिकाको विभिन्न कार्यक्रमहरुको सूचना, लोक कल्याणकारी सूचना प्रवाह गर्नको लागि सम्झौता अनुसारको रकम नगद भुक्तानी दिने निर्णय गरियो ।

| | |
|---|---|
| क) बिहानी अनलाईन मिडिया | - रु. २,२०,०००/- (दुई लाख बिस हजार) |
| ख) रेडिया देवघाट १०२.६ मेगाहर्ज | - रु. १,००,०००/- (एक लाख) |
| ग) देवघाट सन्देश पत्रिका | - रु. ८०,०००/- (असी हजार) |
| घ) नेपाल पत्रकार महासंघ तनहुँ | - रु. १,००,०००/- (एक लाख) |
| ङ) नेपाल पत्रकार महासंघ चितवन | - रु. १,००,०००/- (एक लाख) |

**निर्णय नं. १८:** बाटो हेरालुलाई सम्झौता अनुसारको रकम नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** देवघाट गाउँपालिका कार्य सञ्चालन निर्देशिका २०७९ अनुसार कर्मचारी कल्याण कोषबाट सम्बन्धित कर्मचारीहरुलाई रकम भुक्तानी दिने र नपुग रकम चालु आ.व.को सम्बन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०:** देवपुर गुम्बा, दुर्गादिवी मन्दिर र इलाका प्रहरी कार्यालय देवघाटलाई पूजा बापत देहायको रकम विविध वा मिल्दोजुल्दो शिर्षकबट भुक्तानी दिने निर्णय गरियो ।

क) वडा नं. ५ देवपुर गुम्बामा शान्तीपूजा आरधनाको लागि रु. १०,०००/- (दश हजार रुपैया)
ख) वडा नं. ५ स्याउली बजार दुगदिवी मन्दिरमा वडा दशैं पूजाको लागि रु. १०,००० (दश हजार रुपैया)
ग) इलाका प्रहरी कार्यालय देवघाट र अस्थायी प्रहरी चौकी खाल्टेलाई मौला/हतियार पूजाको लागि रु. ३०,०००/- (तीस हजार रुपैया)

**निर्णय नं. २१:** वडा नं. ५ घिनाटार टाउनचोक सडक कालोपत्रे योजनालाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो । साथै यस कार्यालयको लागि संघीय सरकारबाट आ.व. २०७९/०८० मा समपुरक अन्तर्गत घिनाटार-टाउनचोक सडक कालोपत्रे गर्न कुल इष्टिमेट रकम रु. ४,९९,९८,५७८.३० (मू.अ.कर तथा कन्टिन्जेन्सी समेत) इष्टिमेट स्वीकृत गरी e-bidding मार्फत ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै आ.व. २०७९/०८० मा उक्त योजनाको लागि गाउँपालिकाको तर्फबाट विनियोजित बजेट रकम रु. १,२०,००,०००/- (अक्षरुपी एक करोड बिस लाख रुपैया मात्र) भएको हुँदा नपुग हुने रकम आगामी गाउँ सभाबाट कार्यक्रम संशोधन गरी बजेट व्यवस्था गर्ने समेत निर्णय गरियो । साथै आगामी आ.व.मा रु. २,००,२१,६९८.०६ विनियोजन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निल बहादुर थापा
अध्यक्ष

क्रमशः

**निर्णय नं. २२:** देवघाट गाउँपालिका वडा नं. ५ स्थित गलेश्वर आश्रम नजिक त्रिशुली नदी किनारतर्फ विगत वर्षहरु देखि नै भूक्षय भई पहिरो जाने क्रम बढेको र यस वर्ष पनि उक्त आश्रम हुँदै वेणीसंगम जाने मूल सडक आवागमन अवरुद्ध हुने गरी पहिरो गएको र उक्त पहिरो समयमै रोकथाम नगरे गलेश्वर आश्रम नै जोखिममा पर्ने खतरा विद्यमान रहेको अवस्थामा उक्त पहिरोमा रिटेनिङ्ग वाल लगाई आवागमन समेत सहज हुने गरी सडक निर्माण गर्न परेको हुँदा पहिरो नियन्त्रणका लागि अनुमानित लागत रु. १०,००,००,०००/- (दश करोड) विशेष बजेटका लागि गण्डकी प्रदेश सरकार, संघीय सरकारका विभिन्न मन्त्रालय एवं राष्ट्रिय योजना आयोगलाई आवश्यक बजेट विनियोजन गर्नका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २३:** यस गाउँपालिकाको आ.व. २०७९/०८० मा वडा नं. ५ को भवन निर्माणको लागि विनियोजित बजेट रकम रु. ३० लाख मध्ये जि.स.स.समेतको श्रोत रहेको र हालसम्म जि.स.स.बाट रकम प्राप्त नभएको हुँदा भैपरी आउने पूँजिगत खर्च शिर्षकबाट हाललाई रकम रु. १३ लाख रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:** नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत देहाय बमोजिम निर्णय गरियो ।

क) नवप्रवर्द्धन कार्यक्रमको लागि न्यूनतम साझेदार रकम भैपरी चालु शिर्षकबाट व्यहोर गर्ने ।

ख) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय पोखरामा एक वडा एक नमूना गाउँ शीर्षकमा अवधारण पत्र पेश गर्ने ।

ग) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि तपसिल अनुसारको कार्यान्वयन समिति गठन गर्ने ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष श्री भुवन सिंह गुरुङ | - सह-संयोजक |
| १ नं. वडा अध्यक्ष श्री मनी राज गुरुङ | - सदस्य |
| २ नं. वडा अध्यक्ष श्री मीन बहादुर राना मगर | - सदस्य |
| ३ नं. वडा अध्यक्ष श्री टेक बहादुर आले | - सदस्य |
| ४ नं. वडा अध्यक्ष श्री मित्र लाल गुरुङ | - सदस्य |
| ५ नं. वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवर | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी | - सदस्य-सचिव |

**निर्णय नं. २५:** विगत आ.व. मा ईन्जिनियर सन्देश दाहाललाई इन्जिनियरिङ्ग परामर्शदाताको रुपमा सम्झौता गरी काममा लगाइएको र निजले गाउँपालिका प्रशासनिक भवन, अस्पताल, घण्टाचुली पर्यटकीय पूर्वाधार निर्माण, क्यादी खानेपानी आयोजना, साउने-कर्ताप सडक खण्ड र सिंच्याङ्ग सार्वाङ्ग सडक ठेक्काको कामहरुको सुपरिवेक्षण तथा रनिङ्ग बिल र परामर्श सम्बन्धि कामहरु विशेष रुपले गर्नु भएकोमा यस आ.व. २०७९/०८० मा पनि निज ई. सन्देश दाहाललाई नै परामर्शदाताको रुपमा सम्झौता गरी काममा लगाइएकोमा चालु आ.व. २०७९/०८० मा तपसिल अनुसारको ठेक्काको कामको नियमित सुपरभिजन र अनुगमन गर्ने, तोकिएको गुणस्तरमा काम गराउने, भुक्तानी बिल, कामको मूल्यांकन, नापी विवरण, भेरिएसन अर्डर (VO), कार्य स्वीकार प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन तयार लगायतका कामको परामर्श सेवा लिने निर्णय गरियो । साथै आवश्यकता अनुसार अन्य आयोजनाको काममा पनि परामर्श सेवा लिन सकिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

क्रमशः

**तपसिल:**

क) गाउँपालिका प्रशासनिक भवन
ख) सिंच्याङ्ग सार्वाङ्ग सडक
ग) क्वादी खानेपानी आयोजना

**निर्णय नं. २६:** आ.व. २०७९/०८० को लागि स्वीकृत भएको दररेट अनुसार तयार भएको दररेट विश्लेषण स्वीकृत गरियो ।

**निर्णय नं. २७:** गाउँपालिकाको लागि अति आवश्यक भएकोले तपसिल अनुसारका सवारी साधन तथा मेसिन औजारहरु खरिद गर्ने निर्णय गरियो ।

**तपसिल:**

१) १५० सि.सि. का मोटरसाईकल ३ थान
२) ल्यापटप, कम्प्युटर, प्रिन्टर, स्क्यानर माग भए अनुसार आवश्यक संख्यामा

साथै पुराना गाडी तथा मोटरसाईकलहरु चालु हालतमा राख्नको लागि पूर्ण रुपमा मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २८:** वडा नं. ३ मा छिपछिपे सोलार लिफ्टिङ्ग खानेपानी आयोजना रोटरी क्लव नारायणगढ, उपभोक्ता समिति र गाउँपालिकाको रु. ७,००,०००/- (सात लाख) लागत सहभागितामा गत बर्ष सम्पन्न भएको र चालु आ.व. मा भुक्तानी दिन बाँकीमा राखिएकोले उक्त गाउँपालिकाको तर्फबाट भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २९:** सिंच्याङ्ग सार्वाङ्ग सडक निर्माणको ठेक्का समय थप गरी २०७९ पौष सम्म कायम गरिएकोमा उक्त काम सम्पन्न गर्नको लागि आवश्यक रकमको लागि आगामी गाउँ सभाबाट स्वीकृत गर्ने गरी तपसिल अनुसारको आयोजना/कार्यक्रम घटाउन/हटाउने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | आयोजनाको नाम | रकम (रु.) हजारमा | कैफियत |
|---|---|---|---|
| १ | विपद पूर्व तयारी तथा विपद कार्य योजना निर्माण (जोखिम क्षेत्रमा सि.सि.टि.भी., दैवी प्रकोपको सामान) | ३०० | |
| २ | पशुपालक कृषकको लागि दुग्ध प्रवर्द्धन गर्न घाँस बिउ वडहर, खन्यू आदि | २०० | |
| ३ | सेवा र परामर्श खर्च | ६०० | |
| ४ | महिला उद्यमी तथा महिला विकास कार्यक्रम | ५०० | |
| ५ | बालमैत्री अभियान तथा आधारभूत तथ्यांक संकलन | ३०० | |
| ६ | भैंसीपालक कृषकको लागि दुग्ध प्रवर्द्धन कार्यक्रम (कोट्रा र गाईघाट) (घाँस बिउ वडहर, खन्यू आदि खरिद समेत) | १५० | |
| ७ | एक महिना, वडा वडा, एक घण्टा, श्रमको सम्मान देवघाट गाउँपालिकाको अभियान" कार्यक्रम सञ्चालन | २०० | |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

क्रमशः

| क्र.सं. | आयोजनाको नाम | रकम (रु.) हजारमा | कैफियत |
|---|---|---|---|
| ८ | औद्योगिक ग्राम स्थापना | १५०० | |
| ९ | अध्ययन तथा अवलोकन खर्च (सिकाई उपलब्धि तथा अनुभव ग्रहण) | ५०० | |
| १० | विद्यार्थीसँग अध्यक्ष कार्यक्रम | ३०० | |
| ११ | सामाजिक विभेद/कुरीति न्यूनिकरण सम्बन्धि सचेतना मूलक कार्यक्रम | २०० | |
| १२ | धार्मिक स्थल वरपर फ्रि वाईफाई जोन कार्यक्रम | ३०० | |
| १३ | जनप्रतिनिधिको सहभागिता सहित जेष्ठ नागरिकहरुको लागि चौमासिक रुपमा घर दैलोमा स्वास्थ्य सेवा प्रदान | ३०० | |
| १४ | साना व्यवसायिक मोडेल फर्म व्यवसायिक कृषक | ३०० | |
| १५ | अदुवा, बेसार क्षेत्र भित्र विस्तार कार्यक्रम (बिउ) | १०० | |
| १६ | स्थानीय जातको कालो च्वाँचे प्रवर्द्धन कार्यक्रम (आँपटार र कराँदिप समेत) | ३०० | |
| १७ | किसानको गोठ-गोठमा पशु स्वास्थ्य जाँच कार्यक्रम | १०० | |
| १८ | लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम | १०० | |
| १९ | सहकारी उत्पादनमा अनुदान | ३०० | |
| | **जम्मा** | **६५५०** | |

साथै नपुग बाँकी रकम पूँजिगत भैपरीबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०:** देवघाट गाउँपालिकामा उत्पादित सुन्तला लगायतका अमिलो जन्य फलफूलमा प्रति के.जि. ३० (तिस) पैसा का दरले उत्पादन तथा बिक्री कर लगाउन र उठाउनको लागि वडा कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३१:** इलाका प्रहरी कार्यालय देवघाटलाई इन्धन स्वरुप मासिक ३० (तिस) लिटर र खाल्टे प्रहरी चौकीलाई १५ लिटर इन्धन वा सो बापत नगद उपलब्ध गराउने निर्णय गरियो । साथै श्रावण बोलबम मेलाको सुरक्षार्थ थप बलको रुपमा देवघाटमा आएका विशेष सुरक्षा गण बेल चौतारालाई फिर्ता पठाउन गाडी भाडामा भएको खर्च रु. ५,०००/- (पाँच हजार) पनि इलाका प्रहरी कार्यालय देवघाटलाई भुक्तान दिने निर्णय गरियो ।

**निर्णय नं. ३२:** गलेश्वर आश्रमबाट सञ्चालित वेद वेदाङ्ग विद्यालयलाई गत आ.व. मा भुक्तानी दिन बाँकी रकम रु. ३४,९२,०००/- चालु आ.व. को बजेट खर्च शिर्षक नं. ३११११ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३३:** गण्डकी परिक्रमा कार्यक्रम देवघाट गाउँपालिका, नेपाल सन्त समाज र देवघाट क्षेत्र विकास समितिको संयुक्त पहल/आयोजनामा सम्पन्न गर्ने र एम्बुलेन्स, नौमती/पञ्चेबाजा, माईकिङ्ग, जलपान, औषधी र स्वास्थ्यकर्मी सम्बन्धि खर्च यस गाउँपालिकाबाट गर्ने निर्णय गरियो । साथै चक्रवर्ती मन्दिरबाट एकादशी तोरण तार्ने कार्यक्रममा रु. १०,०००/- (दश हजार रुपैया) नगद सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४:** गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट ९९ प्रकारका औषधीहरु निशुल्क वितरण गर्ने निर्णय गरियो । साथै स्वास्थ्य संस्थाहरु सञ्चालन गर्न तथा आकस्मिक उपचार गर्नको लागि ५१ प्रकारका औषधीजन्य तथा सर्जिकलका सामानहरु पनि निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष